# अन्तर्राष्ट्रिय विद्यार्थीहरुको घरभाडा लिँदा अधिकार हुन्छ

यस तथ्यपत्रमा अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि घरभाडाको जानकारी तथा युक्तिहरू पाईन्छ। विस्तृत जानकारीका लागि, हेर्नुहोस्: consumer.vic.gov.au/internationalstudents

## घरभाडा (लिज) शुरुआत र समाप्त गर्दा

- जब तपाईले घरभाडा (लिज) मा हस्ताक्षर गर्नुहुन्छ, तपाई यसको शुरुआतदेखि अन्त्यसम्म घरभाडा तिर्न र लिजको सबै नियमको पालना गर्न मञ्जुर हुनुहुन्छ।
- यदि तपाईले बुझेको छ भने मात्र लिजमा हस्ताक्षर गर्नुहोस्। यदि तपाईले बुझेकप छैन भने तपाईलाई विश्वास लाग्ने मानिससँग यसबारे तपाईलाई व्याख्या गरिदिन आग्रह गर्नुहोस्।
- यदि तपाई लिज सकिनु अघि घर छोड्न चाहनुहुन्छ भने आफ्नो घरधनी/एजेन्टसँग छलफल गर्नुहोस् - उनीहरु लिजलाई अगाडि नै अन्त्य गर्न सहमत नभए तपाईले अतिरिक्त शुल्क तिर्नुपर्ने हुन सक्छ। यदि तपाई लिज समाप्त भएपछि घर छोड्दै हुनुहुन्छ भने, तपाईले आफ्नो घरधनी/एजेन्टलाई आफूले छोड्न लागिरहेको जानकारी एक महिनाअघि लिखित सूचना दिनुपर्छ।
- तपाईले आफ्ना सबै बिलहरु तथा अन्तिम भाडा तिर्नुपर्छ, घरको सरसफाइ गर्नुपर्छ र जब तपाई छोड्नुहुन्छ आफ्ना चीजहरु आफूसँगै लानुहोस्। यदि लिजमा भनिएको छ भने मात्र कार्पेटलाई वाफद्वारा सफाई अर्थात स्टिम क्लिन गर्नुहोस्।

## धितो (Bonds)

- तपाईको घरधनीले तपाईलाई धितो अर्थात बण्ड तिर्नका लागि भन्न सक्छ – यो लिजका लागि सुरक्षा धरौटी हो।
- आवासीय घरभाडा बण्ड प्राधिकरण (Residential Tenancies Bond Authority, छोटकरीमा RTBA) ले तपाईको लिजको समाप्ति नभएसम्म बण्डलाई राख्नेछ।
- यदि तपाईको घरभाडा हप्ताको $३५० भन्दा कम छ भने, तपाईको बण्ड एक महिनाको भाडाभन्दा बढी हुन सक्दैन।
- तपाईको घरधनी/एजेन्टले तपाईलाई बण्ड जम्मा गर्ने फाराम भर्नका लागि अनुरोध गर्नेछन्। यदि यो ठिक छ भने मात्र हस्ताक्षर गर्नुहोस्। खाली फाराममा हस्ताक्षर नगर्नुहोस्।
- तपाईको लिजमा लेखिएको सबै चीज तपाईले गरेमा, र घर राम्रो अवस्थामा छोडेमा तपाईले आफ्नो धितो फिर्ता पाउनु हुनेछ।

## अवस्था प्रतिवेदन (Condition report)

- यदि तपाईले बण्ड तिर्नुहुन्छ भने, तपाईले अवस्था प्रतिवेदनलाई घर सरेको तीन दिनभित्रमा भर्नु जरुरत हुनेछ। यो तपाईले लिजमा हस्ताक्षर गर्ने समयमा त्यस घरको अवस्थाको रेकर्ड हो।
- अवस्था प्रतिवेदनलाई ध्यानपूर्वक पढ्नुहोस् र यो सही छ छैन जाँच गर्नुहोस्। यदि यसमा कुनै चीज गलत छ भने, तपाईले त्यसलाई सच्याउन सक्नुहुन्छ। उदाहरणका लागि, यदि कुनै चीज फोहोर, टुटेको वा काम नगर्ने भएमा लेख्नुहोस्।
- तपाईको घरधनी/एजेन्टलाई हस्ताक्षर गरिएको एक प्रतिवेदन दिनुहोस् र एक प्रति आफ्नो लागि राख्नुहोस्। हरेक कोठाको तस्वीर लिनुहोस्।
- जब तपाई घर छोड्नुहुन्छ यो प्रतिवेदनलाई प्रमाणको रुपमा प्रयोग गर्न सकिन्छ यदि सरसफाइ वा कुनै क्षतिका लागि तपाई जिम्मेवार रहेको भन्ने विवाद भएमा।

## मर्मत

- घरधनी/एजेन्टले सबै मर्मतहरुका लागि भुक्तानी गर्नुपर्छ, यदि त्यो तपाई, वा तपाईले घरमा आमन्त्रण गरेको पाहुनाले गरेको क्षति होइन भने।
- मर्मत अविलम्ब गरिनुपर्ने वा सामान्यरुपमा गरिनुपर्ने हुन्छ। सामान्य मर्मतका बारेमा घरधनी/एजेन्टलाई लिखित सूचना दिनुहोस् - उनीहरुले त्यो समस्यालाई १४ दिनभित्र समाधान गर्नुपर्छ। ग्यास वा छाना चुहिएको जस्ता अविलम्ब गरिनुपर्ने मर्मतहरुका लागि घरधनी/एजेन्टलाई फोन गर्नुहोस् - उनीहरुले तिनलाई तुरुन्तै मिलाउनुपर्छ। यदि उनीहरुले गर्दैनन् भने, समस्या समाधानका लागि तपाईले $१८०० सम्म खर्च गर्न सक्नुहुन्छ र त्यसको रसिदलाई उनीहरुकहाँ पठाउन सक्नुहुन्छ। उनीहरुले तपाईलाई १४ दिनभित्रमा रकम फिर्ता गर्नुपर्ने हुन्छ।




CONSUMER AFFAIRS VICTORIA

# थप मद्दत चाहिन्छ?

*अध्ययनमा बढी समय बिताउनुहोस् र चिन्तामा थोरै।*

थप जानकारीका लागि वा जब केही चीज गलत हुन्छ, हाम्रो घरभाडासम्बन्धी जानकारी पढ्नुहोस: consumer.vic.gov.au/renting वा हामीलाई फोन गर्नुहोस: 1300 55 81 81

## टेलिफोन दोभाषे सेवा

यदि तपाईलाई हामीसँग दोभाषेको माध्यमबाट बोल्नुपर्ने हुन्छ भने 131 450 मा फोन गर्नुहोस्, तपाईको भाषाको अंग्रेजी नाम भन्नुहोस्, त्यसपछि दोभाषेलाई 1300 55 81 81 मा फोन गर्नका लागि अनुरोध गर्नुहोस्।

## अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई सहयोग गर्नसक्ने संगठनहरु

स्टडी मेलबर्न स्टुडेण्ट सेन्टर
**(Study Melbourne Student Centre)**

599 Little Bourke Street, Melbourne

www.studymelbourne.vic.gov.au

studymelbourne@ecodev.vic.gov.au

फेयर वर्क अष्ट्रेलिया **(Fair Work Australia)**

www.fairwork.gov.au

मेलबर्न सिटी वेलकम डेस्क
**(City of Melbourne Welcome Desk)**

bit.ly/Student-Welcome-Desk

टेनेन्टस् भिक्टोरिया **(Tenants Victoria)**

https://www.tuv.org.au

रिफ्युजि अफ होप **(Refuge of Hope)**
(शरणार्थी तथा ल्याटिन अमेरिकाका अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि)

www.refugeofhope.org.au




CONSUMER AFFAIRS VICTORIA